लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## लमही, दाङ्ग

## नदी जन्य पदार्थको विक्री शुल्क उठाउने सम्वन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सुचना!

*(दोस्रो पटक प्रकाशन मिति: २०७५/०८/२२)*

यस नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ का लागी ठेक्का सम्वन्धी कागजातमा उल्लेखित शर्तमा यस नगर क्षेत्र भित्रवाट लमही-६, राप्ति बलरामपुर घाटबाट नदीजन्य पदार्थ ढुङ्गा,गिटी, बालुवा र पुरुवा संकलन तथा विक्रि सम्वन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी मिति २०७५/०८/१९ गतेको निर्णयानुसार १५ दिने शिलवन्दी दरभाउपत्र आह्वान गरीएको छ । सूचना प्रकाशन भएको मितिले तोकिएको म्यादभित्र योग्यता पुगेका फर्म तथा कम्पनिहरुले ठेकका सम्वन्धी कागजात खरिद गरी देहायको मिति, समय र स्थानमा शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन अनुरोध छ ।

### तपसिल

| क्र.सं. | ठेक्काविवरण | ठेक्का नं. | घाट/नाका | उत्खन्न परिमाण (क्यु. फिट) | न्यूनतमअंक भ्याट बाहेक | बोलपत्र/दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | लमही-६, राप्ति बलरामपुर घाट वाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन् | ०३/२०७५/०७६ | बलरामपुर घाट | १५८९४०.०० | ९५३६४०।- | १,०००।- |

**आवश्यक कागजात तथा शर्तहरु :**

१. आ.व. २०७५/०७६ सम्मको लागी नविकरण भएको फर्म वा कम्पनीको इजाजतपत्र, आ.व. २०७५/०७६ सम्मको लागी म्याद भएको स्थानीय तहमा दर्ता भएको व्यवसाय इजाजतपत्र, आय कर तथा मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. ०७४/०७५ सम्मको आयकर चुक्ता प्रमाण पत्रको प्रतिलिपिका साथ दरभाउपत्र फाराम पेश गर्नुपर्ने छ ।

२. खरिद भएको दरभाउपत्रहरुको प्रत्येक पानामा सहीछाप र शिलवन्दी गरी खामबाहिर फर्मको नाम, ठेगाना, ठेक्काको नाम, नम्बर लेखी पेश गर्नुपर्ने छ ।

३. नियमानुसार मु.अ. करमा दर्ता भएका इच्छुक फर्म वा कम्पनीवाट तोकिएको प्रति क्यु. फुट रु ६।- का दरले कायम गरिएको न्यूनतम अंकमा नघट्ने गरी बढावढ तथा २०% भन्दा घटि शिरोभार खर्च (लागत) सहित मुनाफा राखी विक्रिवितरण गर्ने गरी दरभाउपत्रको हकमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयवाट तोकीए बमोजिमको दरभाउपत्र दस्तुर (पछि फिर्ता नहुने गरी ) तिरी दरभाउपत्र फाराम खरीद गरी १६औं दिनको १२:०० बजे भित्र रीतपुर्वकको शिलवन्दी दरभाउपत्र पेश गर्नुपर्ने छ ।

४. दरभाउपत्र साथ धरौटी वापत कवोल गरेको अंकको ५ प्रतिशतले हुनआउने रकम यस कार्यालयको रा.बा. बैंक लमहीको धरौटी खाता नं. ४२९०३०३००७१०२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा ४५ दिन मान्य अवधि भएको क वर्गको सक्कल बैंक जमानतपत्र पेश गर्नु पर्ने छ ।

५. पेश हुन आएका दरभाउपत्रहरु १६ औं दिनको २:०० बजे कार्यालय प्रतिनिधि एवं दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न सकिने छ ।

६. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनहुने छ ।

७. दरभाउपत्र भर्दा अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । तर अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइने छ ।

८. म्याद नाघि आएको र रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. दरभाउपत्र स्वीकृत भएको सुचनापाएको मितिले ७ दिनभित्र सम्वन्धित ठेक्काको मु.अ.कर (VAT) बाहेक ठेक्का अंकको रकम यस कार्यालयमा र कवोल अंकको १३ प्रतिशतले हुने मु.अ. कर र १.५ प्रतिशतले हुनआउने अग्रिम आय कर रकम आ.रा.का.मा दाखिला भएको प्रमाण सहित ५०% ले हुनआउने रकम यस कार्यालयको खातामा दाखिला भएलगत्तै सम्झौता हुनेछ । बाँकी ५० प्रतिशतले हुनआउने रकम बराबरको २०७६ साल आषाढ मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरीएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड ) सम्झौता भएको मितिले ७ दिनभित्र पेश गर्नुपर्ने छ र बाँकी ५० % रकम २०७५ साल चैत मसान्तसम्म नियमानुसार बुझाइ सक्नु पर्ने छ । तोकिएको समय भित्र बाँकी ५० % रकम दाखिला नगरेमा ठेक्का सम्झौता गर्दा पेश गरेको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) बाट किस्ता रकम अशुल उपर गरी अर्को व्यवस्था गर्न सकिनेछ ।

१०. उपरोक्त न्यूनतम अंकमा मुल्य अभिबृद्धि कर (VAT) समावेश नभएको हुदा सम्वन्धित ठेकेदारले विक्रि शुल्क अशुल गर्दा तोकिए बमोजिमको मु.अ.क. समेत समावेश गरी फरक भ्याट रसिदबाट अशुल उपर गर्नुपर्ने छ ।

११. प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै व्यहोनुपर्ने छ ।

१२. तोकीएको न्यूनतम अंकमा बढाबढ गरी सबै भन्दा बढी अंककवोल गरेकोलाई छनोट गरिनेछ । साथै कवोल अंक वरावर भएमा कम शिरोभार प्रतिशत कवोल गर्नेलाई छनोट गरिने छ । कवोल अंकमा आधारित भई कवोल गरिएको शिरोभार तथा नाफा प्रतिशतको आधारमा अन्तिम विक्रि मूल्य कायम हुने छ ।

१३. ठेक्का कार्यादेश लिएको मितिदेखि मात्र ठेक्का चलानगर्न पाइने छ । साथै तोकिएको परिमाण उठाइसकेमा ठेक्का समयावधि समाप्त हुनेछ, तर नसकेको अवस्थामा ठेक्काको अवधि २०७६ साल ज्येष्ठ मसान्त सम्म मात्र हुने छ ।

१४. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ ।

१५. वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी तथा प्रचलित कानुन विपरितका कुनै पनि कार्य गर्न पाइने छैन । साथै सम्वन्धित खोला नदीको स्वीकृत प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पालनागर्नुपर्ने छ । (EIA) प्रतिवेदनबारे तथा अन्य विषयमा बुझ्नचाहेमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।